# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा सूचना प्रकाशन शाखा*

**स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत सातौं र आठौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना प्रकाशन मितिः २०७९/०८/१२ गते**

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सेवातर्फका देहायका पदहरूका लागि बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७९/०९/१७ सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (क) र (३) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट spsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः**

(क) बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा २९, ३१, ४१, ४२, ४३, ४४, ४५ बमोजिमको योग्यता पुगेको।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण खुलाई पेस गर्नु पर्ने।

(च) दरखास्त दस्तुर रु. १,२००|- (एक हजार दुई सय)

(छ) दरखास्त दस्तुर बुझाउने स्थानः
राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१
कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)
राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(क) मिति २०७९/०८/२६ गतेसम्म थप/घटका लागि माग आकृति फाराम प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिने।

## विवरण

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह, पद | तह | पद सङ्ख्या |
|---|---|---|---|---|
| (अ) | अप्राविधिकतर्फ | | | |
| १. | ७०/०७९-८० | प्रशासन/सामान्य प्रशासन/अधिकृत | ७ | १ |
| (आ) | प्राविधिकतर्फ | | | |
| २. | ७१/०७९-८० | इन्जिनियरिङ/सिभिल/इन्जिनियर | ७ | २ |
| ३. | ७२/०७९-८० | कृषि/अधिकृत | ७ | २ |
| ४. | ७३/०७९-८० | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत | ७ | १ |
| ५. | ७४/०७९-८० | स्वास्थ्य/हे.इ./जनस्वास्थ्य अधिकृत | ७ | १ |